# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मणिग्राम, रुपन्देही, ५नं. प्रदेश

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: ४११२

मितिः २०७७/०२/२२

विषयः आ.व. २०७७/०७८ को लागि रोजगारमूलक आयोजनाहरु पेश गर्ने सम्बन्धमा।

श्री वडा कार्यालयहरु(सबै)
ति. न. पा., रुपन्देही।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७६/०७७ च.नं. १४६ मिति २०७७/०२/१८ को पत्रअनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने रोजगारमुलक आयोजनाहरु सम्बन्धित स्थानीय तहहरुबाट स्वीकृत भई बार्षिक कार्यक्रममा समावेश गर्ने र ती आयोजनाहरुमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्ने व्यवस्था गरिएकोले **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६** को **दफा ५** मा उल्लेखित क्षेत्रभित्र परेको आयोजनाहरु छनौट गरि उक्त कार्यविधिको **दफा ६ र ७** बमोजिम प्रस्ताव पेश गर्नुका साथै विश्व बैंकको वित्तीय सहयोगमा आगामी आ.व. २०७७/०७८ देखि संचालन हुने युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना का लागि रोजगारमूलक आयोजनाहरु **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६** को **दफा २९, ३० र ३१** बमोजिम तहा वडा समिति मार्फत छनौट गरि सिफारिस सहित सात (७) दिन भित्र यस कार्यालयमा पठाउनुहुन अनुरोध छ।

*(नोटः कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को* ***दफा ५*** *र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को* ***दफा २९*** *संलग्न छन् साथै कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ यसै पत्र संगसंगै* ***PDF*** *फाइलमा उपलब्ध छ।)*

०२/२२
सुवास प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०७१-५६२९७९, इ-मेलः **tilottamamun@gmail.com**, वेभसाइटः **www.tilottamamun.gov.np**
visit nepal 2020

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ अनुसार आयोजना सञ्चालनका क्षेत्रहरुः-**

**यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछः**

**क) सडक निर्माण तथा मर्मत सम्भांरः-**

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाँउ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार।

**ख) कृषि तथा सिंचाईः-**

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण एवं मर्मत सम्भार,
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार।

**ग) ग्रामिण खानेपानीः-**

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार।

**घ) स्वास्थ्य तथा सरसफाईः-**

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार,
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार,
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार।

**ङ) शिक्षाः-**

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार।

**च) वन तथा जलाधारः-**

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
- पहिरो तथा नदी नियन्त्रण,
- साना बाँध निर्माण।

**छ) पर्यटनः-**

- पदमार्ग निर्माण तथा मर्मात सम्भार,
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण,
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

**युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ अनुसार आयोजनाको ढाँचाः-**

(१) आयोजनाका लाभग्रहीहरुलाई रोजगारीमा संलग्न गराउन देहाय बमोजिमको क्षेत्रमा सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा सुधारसम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछः

**क) सडक मर्मत सम्भारः-**

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाँउ वा नगर जोड्ने सडकको मर्मत सम्भार।

**ख) कृषि तथा सिंचाईः-**

- सिंचाईका लागि कुलो तथा पैनीको मर्मत सम्भार,
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको मर्मत सम्भार।

**ग) ग्रामिण खानेपानीः-**

- खानेपानी आयोजनाहरुको मर्मत सम्भार।

**घ) स्वास्थ्य तथा सरसफाईः-**

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृहको मर्मत सम्भार,
- सार्वजनिक शौचालय मर्मत,
- फोहोर व्यवस्थापनका पूर्वाधारको मर्मत सम्भार।

**ङ) शिक्षाः-**

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेल मैदानको मर्मत सम्भार।

**च) वन तथा जलाधारः-**

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
- पहिरो तथा वाढी नियन्त्रण तथा सो को पूर्वाधारको मर्मत,
- साना बाँधको मर्मत सम्भार।

**छ) पर्यटनः-**

- पदमार्ग, पर्यटकीय क्षेत्र तथा सार्वजनिक स्थलहरुको मर्मात,

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

**२) आयोजनाबाट देहायका सार्वजनिक सेवाका कार्यहरु समेत कार्यान्वयन गर्न सकिनेछः**

क) बालबालिका तथा जेष्ठ नागरिक स्याहारसम्बन्धी सेवा,

ख) खेलकुद क्रियाकलापसम्बन्धी सेवा,

ग) बालबालिकाको प्रारम्भिक शिक्षासम्वन्धी सेवा,

घ) स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतनाका क्रियाकलापहरु।

**३) आयोजनाको वित्तिय श्रोतबाट देहायका क्रियाकलापहरु कार्यान्वयन गर्न सकिनेछैनः-**

क) उपदफा (१) र (२) मा उल्लेख गरिएको भन्दा फरक ढाँचाको तथा स्थानीय तहको बार्षिक नीति तथा कार्यक्रममा समावेश नभएका आयोजना,

ख) भूमि अधिग्रहण तथा पुनर्वास आवश्यक पर्ने आयोजना,

ग) पुरातात्विक महत्वका सम्पदालाई नकारात्मक प्रभाव पर्ने आयोजना,

घ) संरक्षित क्षेत्र तथा वातावरणीय जोखिममा रहेका आयोजना,

ङ) भुस्लखन हुन सक्ने, जैविक विविधतामा ह्रास ल्याउने, खानेपानीको गुणस्तर तथा परिमाणलाई घटाउने तथा वातावरणलाई नकारात्मक प्रभाव पर्ने आयोजना,

च) मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा जोखिम सिर्जना गर्ने, र

छ) यस कार्यविधिको परिच्छेद १५ बमोजिमको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाले कार्यान्वयन गर्न योग्य नरहेको भनी निर्क्योल गरेका आयोजना।